जेठ – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क ३ | २०७१, जेठ १–१५ | पूर्णाङ्क ५२५ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, सर्वोच्च अदालत - अध्यक्ष**
**रजिस्ट्रार श्री लोहितचन्द्र शाह, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुर सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
मुद्रण अधिकृत श्री राजाराम विडारी
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर बुकवाइण्डर श्री गोकर्णप्रसाद पौडेल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री सीता धिताल
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| विशेष इजलास | १ |
| संयुक्त | २४ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | १ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ५ |
| रीत/बेरीत आदेश | २६ |
| जम्मा | ७२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७०, चैत – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण | विजयकुमार झासमेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत | |
| २. | उत्प्रेषण | रामकुमार महतो वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| **विशेष इजलास** | | | **२-३** |
| ३. | उत्प्रेषण परमादेश | अधिवक्ता मुकुन्द अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **३-१२** |
| ४. | निषेधाज्ञा | मनकुमारी नेपाल वि. जुगेश्वर थारूसमेत | |
| ५. | उत्प्रेषण, परमादेश | मोरङ जिल्ला, डाँगीहाट गा.वि.स.वडा नं. १ स्थित श्री धिरनाथ सम्फल विश्वास उच्च माध्यमिक विद्यालय, मोरङसमेत वि. पूर्णप्रसाद कोइराला | |
| ६. | निषेधाज्ञा | अमलदेव साह कलवार वि. जमुना हजरा दुसाधसमेत | |
| ७. | उत्प्रेषण परमादेश | कमलकुमार खवास चौधरी वि. भूमिसुधार कार्यालय, मोरङसमेत | |
| ८. | उत्प्रेषण परमादेश | सुकुरमुनी देवी हास्दा सतारसमेत वि. मालपोत कार्यालय, मोरङसमेत | |
| ९. | निषेधाज्ञा | मीना अधिकारी वि. राजकुमार शर्मासमेत | |
| १०. | निषेधाज्ञा | झरकीदेवी थरूनी वि. दरोगी ऋषिदेवसमेत | |
| ११. | निषेधाज्ञा परमादेश | झगरू सिंह कोइरी वि. जिल्ला मोरङ कटहरी गा.वि.स.को कार्यालयसमेत | |
| १२. | निषेधाज्ञा | नेपाल ब्ल्याङ्केट एन्ड उलन मिल्स प्रा.लि. वि. बद्रीप्रसाद पौडेल | |
| १३. | कीर्ते | राधादेवी सुनुवार वि. भगवती पुडासैनीसमेत | |
| १४. | जग्गा खिचोला | सरयुग साह तेली वि. लालबहादुर चौधरी | |
| १५. | निषेधाज्ञा | शिवलाल कायस्थसमेत वि. अमृत महर्जन | |
| १६. | निषेधाज्ञा | रत्नमाया गिरी वि. रामबहादुर पुरीसमेत | |
| १७. | निषेधाज्ञा | विष्णुमाया राजथला वि. तिलकबहादुर नेगीसमेत | |
| १८. | निषेधाज्ञा | पवित्र चौधरी वि. जिल्ला जनस्वास्थ्य कार्यालय, सिरहासमेत | |
| १९. | निषेधाज्ञा | जगतबहादुर महर्जन वि. गा.वि.स.को कार्यालय, बलम्बु काठमाडौंसमेत | |
| २०. | परमादेश | शम्भुलाल कर्ण वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| २१. | परमादेश निषेधाज्ञा | सुवास राज काफ्ले वि. जि.प्र.का., मकवानपुरसमेत | |
| २२. | उत्प्रेषण परमादेश | जयकान्त झा वि. सरोजदेवी सिंह | |

| | | |
|---|---|---|
| २३. | बहुविवाह | नेपाल सरकार वि. योगमाया चिमरिया बस्नेत |
| २४. | कुटपीट अङ्गभङ्ग | नेपाल सरकार वि. सुरेन्द्रकुमार कविरथसमेत |
| २५. | हातहतियार खरखजाना | नेपाल सरकार वि. रविलाल सदाय मुसहर |
| २६. | लेनदेन | रेणुकुमारी गुप्ता वि. जनार्दनप्रसाद रौनियारसमेत |
| २७. | हातहतियार खरखजाना | नेपाल सरकार वि. ललितकुमार झा |
| **इजलास नं. १** | | **१२-१३** |
| २८. | परमादेश | ज्ञानु पोखरेल वि. महान्यायाधिवक्ताको कार्यालयसमेत |
| २९. | लागु औषध खैरो हिरोइन | बिमला कर्माचार्य वि. नेपाल सरकार, शैलेश खड्का वि. नेपाल सरकार |
| **इजलास नं. २** | | **१३-१५** |
| ३०. | उत्प्रेषण | डा. रामप्रसाद भट्टराई वि. शिक्षा मन्त्रालयसमेत |
| ३१. | मोही लगत कट्टा | बृजकिशोर राय वि. गोनौर शाह कलवार |
| ३२. | उत्प्रेषण | नरेन्द्र झासमेत वि. जि.वि.स.को कार्यालय, रौतहटसमेत |
| ३३. | उत्प्रेषण समेत | हाइल्यान्ड डिस्टिलरी प्रा.लि. वि. श्रीराम तामाङसमेत |

| | | |
|---|---|---|
| ३४. | कर्तव्य ज्यान | सरीता पौडेल वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **१६** |
| ३५. | अंश हक | वाहिद अली गद्दी वि. अहमद अली अद्दी |
| **इजलास नं. ४** | | **१६-१८** |
| ३६. | अंश नामसारी | सुराती कुर्मीसमेत वि. सीताराम कुर्मी |
| ३७. | उत्प्रेषण परमादेश | हिरादेवी सापकोटासमेत वि. जि.प्र.का., नवलपरासीसमेत |
| ३८. | सम्बन्ध बिच्छेद | जीवन पुन वि. जमुना राना |
| ३९. | अदालतको अपहेलना | सरयुग ठाकुर वि. अर्जुन ठाकुर |
| ४०. | लेनदेन | लक्ष्मी महरा चमार वि. रामपुकार यादव |
| **इजलास नं. ५** | | **१८-१९** |
| ४१. | अबन्डा जग्गा बन्डा | शिवनारायण सुतिहार वि. लक्ष्मी सुतिहार |
| ४२. | जालसाज | बसन्ता पुरी वि. जीवा पुरी |
| **रीत/बेरीत आदेश** | | **१९-२२** |
| ४३. | ठगी | खेमराज न्यौपाने वि. नेपाल सरकार |
| ४४. | बैङ्किङ कसूर | केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार |
| ४५. | बैङ्किङ कसूर | गौरीशंकर चौधरी वि. नेपाल सरकार |
| ४६. | लिखत दर्ता बदर | बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत |

## पूर्ण इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WF-०००३, उत्प्रेषण, *विजयकुमार झासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियम, २०६७ को विनियम २५(१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको करारमा कार्यरत् कर्मचारीले स्थायी पदमा आवेदन गर्दा उमेरको हदबन्दी नलाग्नेसम्बन्धी व्यवस्था खारेज गर्न र ऐ विनियमको विनियम २.६ अन्तर्गतको अनुसूची २ को सि.नं ४, ५, ६, ७, १०, ११, १२ मा रहेको खुल्ला प्रतिस्पर्धाबाट पूर्ति गरिने पदको आवश्यक न्यूनतम् योग्यता महलमा उल्लिखित केही वर्षको कार्य अनुभवसम्बन्धी व्यवस्था हटाउने गरी निर्देशन दिन पाउने अधिकार रहेको भन्ने देखिन नआउने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।६।६ को निर्णयानुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई यी रिट निवेदकहरूको नियुक्ति तत्काल रद्द गर्नु भनी मिति २०६८।६।२३ को पत्रद्वारा दिइएको निर्देशन कानूनविपरीत हुनुका साथै अधिकारक्षेत्र विहीनसमेत रहेकोले उक्त निर्देशन र सो आधारमा रिट निवेदकहरूलाई मिति २०६८।६।३० देखि हाजीर गर्न रोक लगाउने गरी भएको परिषद्को कामकारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकहरूले मिति २०६७।९।१ देखि लागू हुने गरी परिषद्बाट प्राप्त गरेको नियुक्तिपत्रबमोजिमको पदमा निजहरूलाई यथावत् हाजीर गरी पूर्ववत्रूपमा कार्य गर्न दिनु भनी विपक्षी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का नाममा परमादेशको आदेशसमेत जारी गरेको संयुक्त इजलासका माननीय न्यायाधीश श्री कमलनारायण दासको राय सदर हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल माघ १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WF-०००४, उत्प्रेषण, *रामकुमार महतो वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

सबै प्रक्रिया पूरा भई सफल उम्मेद्वारलाई नियुक्तिपत्र दिई निजलाई काममा लगाइसकेपछि मात्र यो रिट निवेदन दायर गरेको देखिँदा निवेदकले आफ्नो जिकीरलाई कानूनीरूपमा भन्दा पनि आफूमात्र योग्य र उपयुक्त रहेको भनी आत्मपरक ढङ्गले पुष्टि गर्न खोजेको प्रतीत हुन्छ । कुनै पनि कानूनी व्यवस्थाको लाभ आफूले मात्र पाउनुपर्छ भनी कसैले पनि मान्यता राख्नु हुँदैन । न त कानूनी व्यवस्थाको व्याख्या आफ्नोअनुकूलमात्र हुनुपर्दछ भन्ने अपेक्षा नै गर्न हुन्छ । कुनै कानूनको संवैधानिकताको प्रश्न उठी बदर नहुँदासम्म त्यस्तो कानूनअनुरूप भएका शर्तहरू स्वतः वैध मानिन्छन् । यसरी एउटै प्रक्रियामा आफूसमेत सहभागी भई असफल भएपछिमात्र सो प्रक्रियाबाट लाभान्वित व्यक्तिको योग्यता, अनुभवका साथै प्रक्रिया निर्धारक कानूनी व्यवस्थासमेतउपर प्रश्न उठाउने निवेदकलाई अदालतले सहयोग गर्नसक्ने अवस्थासमेत नदेखिने ।

विनियमका प्रावधानलाई असंवैधानिक भनी निवेदकले चुनौती दिन नसकेको, निवेदकले उद्धृत गरेका विनियमका प्रावधानहरू दूषित एवं कानूनविपरीत नरहेको भनी यसअघि नै निरूपण

भैसकेको, पदपूर्ति प्रक्रियामा विपक्षीसँगै आफूसमेत संलग्न रहेको र परीक्षामा असफल भएपछिमात्र सफल उम्मेद्वारको योग्यतामा प्रश्न उठाएको देखिँदा निवेदन जिकीर कानूनमा आधारित र विश्वसनीयसमेत देखिन आएन । तसर्थ विपक्षी विजयकुमार झाको योग्यता नपुगेको भन्ने देखिन नआएको र प्रचलित ऐन, कानूनसङ्गत प्रक्रियाबाट नै नियुक्त भएका निजको नियुक्ति बदर हुनसक्ने अवस्था नदेखिएको भन्नेसमेतका आधारमा रिट निवेदन खारेज गर्ने गरेको संयुक्त इजलासका माननीय न्यायाधीश श्री कमलनारायण दासको राय सदर हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल माघ १८ गते रोज ५ शुभम् ।

## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WS-०००८, उत्प्रेषण परमादेश, *अधिवक्ता मुकुन्द अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(ग) ले राष्ट्रिय सतर्कता केन्द्रलाई सार्वजनिक पदमा बहाल रहेको व्यक्तिको सम्पत्ति विवरण र आयको अनुगमन गर्नसक्ने र उक्त नियमावलीको नियम १०(१) को खण्ड क र ख ले समेत सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमितरूपमा सम्पत्ति विवरण पेश गरे वा नगरेको र त्यस्तो सार्वजनिक पदमा बहाल रहेका व्यक्तिबाट पेश भएको सम्पत्ति विवरण राख्न तोकिएको सरकारी कार्यालय, सार्वजनिक संस्था वा निकायले नियमितरूपमा त्यस्तो सम्पत्ति विवरण राखे नराखेको सम्बन्धमा अनुगमन गर्नसक्ने गरी सोहीबमोजिमको अधिकार राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको देखिएको छ । यसरी अनुगमन गर्दा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले सम्पत्ति विवरण पेश गरेको नदेखिएमा सोही नियमावलीको नियम १०(२) बमोजिम केन्द्रले त्यस्तो व्यक्तिउपर ऐनको दफा ५० उपदफा (३) बमोजिमको कारवाही गर्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष लेखी पठाउन सक्ने गरी अधिकारसमेत प्रत्यायोजन गरेको देखिने ।

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले सम्पत्ति विवरण पेश गरेको नदेखिएमा केन्द्रले त्यस्तो व्यक्तिउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारवाही गर्नको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष लेखी पठाउन सक्ने गरी सोही नियमावलीको नियम १०(२) मा व्यवस्था भएबाट नियमावलीका उपरोक्त प्रावधानले राष्ट्रिय सतर्कता केन्द्रको अधिकारमाथि कुनै बन्देज लगाएको नदेखिँदा कानून बाझिएको भनी गरिएका त्यस्ता अपरिपक्व दावीका आधारमा अदालतले आफ्नो खास दृष्टिकोण बनाई अति सूक्ष्मसम्वेदी भई हस्तक्षेप गरी कानून बदर गर्नु संविधानसम्मत् नहुँने हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) को अवस्था प्रस्तुत विवादमा विद्यमान नरहेकोले मागबमोजिम राष्ट्रिय सतर्कता केन्द (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(१) को खण्ड (क) र (ख) बदर गरिरहन नपर्ने ।

नेपालको अन्तरिम सविधान, २०६३ को धारा १०७(२) समेतको हकमा मागदावी लिएको देखिएकोले सो सम्बन्धमा सुनुवाइको लागि नियमबमोजिम सम्बन्धित इजलासमा पेश गर्नुपर्ने देखियो । तसर्थ, प्रस्तुत रिट निवेदनको विशेष इजलासतर्फको लगत कट्टा गरी निवेदकले माग दावी गरेको नेपालको अन्तरिम संविधान, २०६३

को धारा १०७(२) को विषयमा सुनुवाइका लागि सम्बन्धित इजलासमा पेश हुने ।
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-००२३, निषेधाज्ञा, *मनकुमारी नेपाल वि. जुगेश्वर थारूसमेत*

निवेदक मनकुमारी नेपालले प्रमाणको रूपमा पेश गरेको मिसिल संलग्न कि.नं. ५६ र ५७ को जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि हेर्दा जग्गाधनी मनकुमारी नेपाल र मोही महलमा विष्णुलाल थारूको नाउँ उल्लेख भएको देखिन्छ । प्रस्तुत विवादित जग्गाको मोही हक सम्बन्धमा यिनै पक्ष र विपक्षबीच भूमिसुधार कार्यालय, सुनसरीमा मोही नामसारी मुद्दा चली कार्यवाहीयुक्त अवस्थामा रहनुको साथै यिनै पक्ष विपक्षबीच यसै विवादित जग्गाको सम्बन्धमा सुनसरी जिल्ला अदालतमा जग्गा खिचोला एवं जालसाजी मुद्दासमेत चली कार्यवाहीयुक्त अवस्थामा रहेको भन्ने निवेदन व्यहोराबाट देखिँदा उक्त मुद्दाहरूमा कानूनबमोजिम निर्णय हुने हुँदा सो मुद्दालाई प्रभाव पार्ने गरी प्रस्तुत मुद्दाको रोहबाट बोल्न नमिल्ने गरी निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।५।२८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०१०३, उत्प्रेषण परमादेश, *मोरङ जिल्ला डाँगीहाट गाविस वडा नं १ स्थित श्री धिरनाथ सम्फल विश्वास उच्च माध्यमिक विद्यालय, मोरङसमेत वि. पूर्णप्रसाद कोइराला*

उच्च माध्यमिक विद्यालय सञ्चालन गर्न चाहने विद्यालय, व्यक्ति वा संस्थाले अन्य पूर्वाधारको साथै सो विद्यालयमा कार्यरत प्रधानाध्यापक/ प्राचार्य एवं शिक्षकले अनिवार्यरूपमा स्नातकोत्तर तहको शैक्षिक तह पूरा गरेको हुनुपर्ने गरी योग्यता तोकेको छ, जुन गुणस्तरीय शिक्षा प्रदान गर्न अनिवार्य मानिन्छ । योग्य र सक्षम शिक्षक एवं प्राचार्यबाट शिक्षित हुन पाउनु विद्यार्थीको अन्तर्निहित अधिकार हो भने गुणस्तर एवं स्तरीय शिक्षा प्रदान गर्नु राज्य एवं विद्यालयको दायित्वभित्र पर्दछ । यसरी धिरनाथ सम्फल विश्वास उच्च माध्यमिक विद्यालय मोरङमा स्नातकोत्तर गरेको शिक्षक यी निवेदक पूर्णप्रसाद कोइराला हुँदाहुँदै स्नातकोत्तर डिग्रीको योग्यता नभएका विपक्षी दासबहादुर श्रेष्ठलाई प्रधानाध्यापकमा नियुक्ति दिने गरी उक्त विद्यालय व्यवस्थापन समितिबाट भएको मिति २०६७।९।१६ को निर्णय उल्लिखित कानून एवं यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतको विपरीत भई त्रुटिपूर्ण देखिन आउने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर भै प्रचलित कानूनको प्रक्रिया पुर्‍याई जो जे गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६८।११।१ को आदेश मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६९-CI-०१५७, निषेधाज्ञा, *अमलदेव साह कलवार वि. जमुना हजरा दुसाधसमेत*

निवेदकहरूले पेश गरेको मिसिल संलग्न फिल्डबुक हेर्दा कित्ता नं. २९ मा ०-०-१९ जग्गा रहे भएको देखिएबाट उल्लिखित नक्सा नम्बरका जग्गाहरू निवेदकको कित्ता नं. २९ भित्रकै रहे भएको भन्ने तथ्य पुष्टि हुन आउँछ । जग्गाको विवादको सम्बन्धमा निवेदन लिई आवश्यक कारवाही गर्न पाउने अधिकार कानूनले विपक्षी प्रहरी कार्यालयलाई प्रदान गरेको नदेखिँदा निषेधाज्ञाको आदेश जारी हुने ठहरी पुनरावेदन अदालतबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६९-CI-०३०३, उत्प्रेषण परमादेश, *कमलकुमार खवास चौधरी वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

भूमिसुधार कार्यालय, मोरङबाट मोही लगत कट्टा गर्ने निर्णय कानूनअनुरूप नभएको भए सो निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५५ बमोजिम पुनरावेदन लाग्ने व्यवस्था भएकोमा निवेदकले सो पुनरावेदनको प्रक्रिया अवलम्बन नगरी भूमिसुधार कार्यालयबाट भएको मिति २०५२।१२।२ को निर्णय बदर गरिपाऊँ भनी प्रस्तुत निवेदन दिएको पाइन्छ । भूमिसुधार कार्यालयबाट भएको उल्लिखित निर्णयउपर कानूनबमोजिम वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सोबमोजिमको प्रक्रिया अवलम्बन नगरी यी निवेदकले दिएको प्रस्तुत निवेदनको रोहबाट हेरी निरूपण गर्न नमिल्ने हुँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६९-CI-०३३१, उत्प्रेषण परमादेश, *सुकुरमुनी देवी हास्दा सतारसमेत वि. मालपोत कार्यालय, मोरङसमेत*

फैसला कार्यान्वयनको क्रममा तहसीलदारबाट भएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले दण्ड सजायको ६१ नं. बमोजिम उजूरी गरी भएको आदेशसमेत चित्त नबुझे सम्बन्धित पुनरावेदन अदालतमा अ.बं. १७ नं. बमोजिम निवेदन दिनसक्ने कानूनी व्यवस्था रहेकोमा सोउपर कुनै उजूरी नगरी तहसीलदारबाट भएको बन्डा मुचुल्कालगायतका निर्णय अन्तिम भै बन्डा मुचुल्काबाट प्राप्त सम्पत्ति तेस्रो व्यक्तिलाई हक हस्तान्तरण गरिसकेको अवस्थामा पर्न आएको निवेदनबाट यी पुनरावेदकहरूको हकमा प्रतिकूल असर परेको नदेखिएको र तत्कालीन अवस्थामा कानूनबमोजिमको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी अन्तिम भै बसेको विवादमा प्रस्तुत निवेदन गरेको देखिँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरबाट भएको आदेश अन्यथा नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०४०३, निषेधाज्ञा,

*मीना अधिकारी वि. राजकुमार शर्मासमेत*

निवेदकहरूको संलग्नता नै नरहेको मीना अधिकारीको चिया पसलमा काम गरेबापतको पारिश्रमिकलगायतका विषयमा शान्ति सुरक्षा कायम गर्ने नाउँमा विपक्षीहरूलाई प्रहरी कार्यालयमा उपस्थित गराई छलफल गर्नेलगायतको कार्य गरेको देखिन्छ । यसरी यी पुनरावेदक र एम.पी. शर्माबीचको कारोबारमा असम्बन्धित रहेका यी निवेदकहरूलाई एम.पी. शर्मा नाम गरेको व्यक्ति खोजी उपस्थित गराउने अन्यथा निजले खाएको ऋण तिमीहरूले नै तिर्नु बुझाउनुपर्छ भनी बाध्य पार्नेलगायतका विषयमा विपक्षीको उजूरी ग्रहण गरी अधिकारक्षेत्रभन्दा बाहिर गई लेनदेनको विषयमा निवेदकहरूलाई कुनै पनि प्रकारबाट थुन्ने थुनाउने वा गैरकानूनी धरपकड गर्नेलगायतका कार्य गर्ने अधिकार विपक्षीहरूलाई कुनै कानूनले प्रदान गरेको नदेखिँदा निवेदकहरूलाई पक्राउ गर्ने, थुनामा राख्नेलगायतको कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञा जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०६१६, निषेधाज्ञा, *झरकीदेवी थरूनी वि. दरोगी ऋषिदेवसमेत*

निवेदिकाले विपक्षीहरूउपर सार्वजनिक हित वा सरोकार निहित रहेको सार्वजनिक सडक कब्जा गरी घर बनाउन लागेको भनी प्रस्तुत निवेदनमा उल्लेख गरेबाट त्यस्तो सार्वजनिक सरोकार निहित रहेको विषयका सम्बन्धमा मुलुकी ऐन, अ.बं. १० नं. बमोजिम निवेदन दिई अदालतबाट अनुमति लिई निवेदन गर्नुपर्नेमा सोबमोजिमको प्रक्रिया अवलम्बन गरेको अवस्था देखिँदैन । निवेदिकाले आफ्नो हकभोगको कि.नं.२१७ को जग्गामा एवं सार्वजनिक सडकमा समेत कब्जा गरी घर बनाउने आशङ्का रहेको भनी प्रस्तुत निवेदन दिएकोमा निजको निवेदन दावीलाई विपक्षीहरूले इन्कार गरेको अवस्था छ । यी निवेदिका झरकीदेवी थरूनीको सार्वजनिक सडक कब्जा गरी घर बनाई बसेमा त्यसतर्फ उजूर परेका बखत त्यस्ता व्यक्तिउपर कानूनबमोजिम कारवाही हुनसक्ने नै हुन्छ । यस्तो स्थितिमा निवेदन मागबमोजिम विपक्षीहरूले निवेदिकाको जग्गा तथा सो जग्गामा आउने जाने बाटो बन्द हुने गरी सार्वजनिक सडक कब्जा गरी घर बनाउने आशङ्काको स्थिति विद्यमान रहेको देखिन नआउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१०१०, निषेधाज्ञा परमादेश, *झगरू सिंह कोइरी वि. जिल्ला मोरङ कटहरी गाविसको कार्यालयसमेत*

जीवन विकास समाजको अगुवाइमा मोरङ जिल्ला कटहरी गाविस वडा नं. ९ स्थित सुकुम्बासी टोल, नयाँ बजारको दुर्गा मन्दिर दक्षिण पश्चिम लोहान्द्र खोलाको बाढी नियन्त्रण सम्बन्धमा बाँध निर्माण गर्ने, बाँधमा बाँस रोपी बाढीबाट भएको क्षति न्यूनीकरण गर्ने सम्बन्धमा जग्गाधनी एवं स्थानीय व्यक्तिहरूबीच छलफलको लागि बोलाइएको २०६७।५।२० र मिति २०६७।५।२६ को भेलाले सम्पूर्ण सरोकारवाला जग्गाधनीहरू उपस्थित नभएको हुँदा कुनै पनि निर्णय नगरेको मिसिल संलग्न माइनुटको प्रतिलिपिबाट देखिएको र निवेदन दावीको स्थानमा बाँध, पैनीलगायतको कार्यक्रम सञ्चालन नगर्ने निर्णय भइसकेको भन्ने विपक्षी जीवन विकास संस्थासमेतको लिखित

जवाफबाट देखिएको अवस्थामा निवेदकको जग्गामा बाँध बाँध्ने, बाँस रोप्नेलगायतको आशङ्का विद्यमान रहेको नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञा जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६७।१०।२४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०६८५, निषेधाज्ञा, *नेपाल ब्ल्याङ्केट एण्ड उलन मिल्स (प्रा.) लि. वि. बद्रीप्रसाद पौडेल*

कानूनबमोजिम प्रक्रिया पूरा गरी विधिवत् दर्ता भएको कम्पनीको नाममा दर्ता रहेको कारखाना एवं घरमा प्रवेश गर्न रोक लगाउने आशङ्का भएको भनी निषेधाज्ञाको आदेश माग गर्न आउने व्यक्तिले सो कारखाना एवं घरमा निजको निर्विवाद हक स्थापित रहेको तथ्य प्रमाणित गर्नुपर्ने हुन्छ । यी निवेदकले उक्त तथ्य स्थापित गर्न सकेको अवस्था देखिँदैन । यसरी यी निवेदकले श्री नेपाल ब्ल्याङ्केट एण्ड उलन मिल्स (प्रा.) लि. मा आफ्नो निर्विवाद हक नै देखाउन नसकेको र कम्पनीको तर्फबाट मुद्दा गर्न कानूनबमोजिमको अख्तियारीबेगर निषेधाज्ञाको निवेदन लिई आएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६९-CR-०२७२, कीर्ते, *राधादेवी सुनुवार वि. भगवती पुडासैनीसमेत*

पुनरावेदकीय अधिकारलाई अत्यन्त साँघुरो अर्थमा ग्रहण गर्न हुँदैन । के आधारमा के कसरी मुद्दा हारियो भन्ने कुराको यथार्थ जानकारी पक्षले पाउनुपर्ने हुन्छ । जुन मुद्दामा सजायसम्मबाट उन्मुक्ति दिइएको छ त्यसमा कीर्ते नठहर्ने गरी जितिपाएको लेखाइले नै यी पुनरावेदिकाको उक्त फैसलाप्रति अनभिज्ञता देखाउँछ । चित्त नबुझेको कुरामा पुनरावेदन गर्न पाउने पक्षको नैसर्गिक अधिकारलाई कानूनले निर्धारित गरेका अवस्थामा बाहेक बन्देज लगाउनु स्वच्छ सुनुवाइको सिद्धान्तको प्रतिकूल हुन पुग्दछ । यी पुनरावेदिकाले भोगबन्धकी लिखत बदर मुद्दाको पुनरावेदनपत्रमा उल्लेख गरेको सोही व्यहोराको आधारमा मात्र निजको हकमा कीर्ते मुद्दामा पुनरावेदन गर्ने प्रयोजनको लागि अ.बं. १९३ र १९७ नं. बमोजिमको हदम्याद प्रारम्भ भएको भनी अर्थ गर्न मिल्ने हुँदैन । यी पुनरावेदकले प्रस्तुत कीर्ते मुद्दामा यस अदालतमा पुनरावेदन गर्दा पुनरावेदन अदालत, पाटनको मिति २०५९।७।२५ को फैसला वारेसमार्फत मिति २०६३।७।३० मा नक्कल सारी अ.बं. ५९ नं. बमोजिम गुज्रेको म्याद थामी मिति २०६३।९।१८ मा पुनरावेदन दायर गरेको भन्ने देखिन्छ । पुनरावेदक राधादेवी सुनुवारको वारेसले मिति २०६३।७।३० मा नै फैसलाको नक्कल लिएको कुरा पुनरावेदन अदालतको रेकर्ड मिसिलबाट समेत देखिन्छ । यस अवस्थामा अ. बं. १९३ र १९७ नं. को उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादन भएको सिद्धान्तसमेतको आधारमा प्रस्तुत पुनरावेदन हदम्याद नाघी दायर भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस १४ गते रोज १ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६९-CI-०३२०, जग्गा खिचोला, *सरयुग साह तेली वि. लालबहादुर चौधरी*

न.नं.१० को जवि ०-०-१५-२ १/२ को क्षेत्रफल जोडी प्रतिवादीको किनं ६३८ को जग्गा बढी देखाई न.नं. ३ क को ०-०-३-१२ घर जग्गा प्रतिवादीले खिचोला गरेको भनी पुनरावेदन अदालतले ठहर गरे पनि न.नं. १० को जग्गामा बाटो रहेको र त्यसमा पिपलको रूख र रूख वरिपरि चारैतिरबाट पक्की चौतारा रही कसैको भोगमा नरहेको भनी नक्सा मुचुल्कामा उल्लेख भएको अवस्थामा त्यस्तो सर्वसाधारणले उपभोग गर्दै आएको बाटो तथा चौतारासमेतले चर्चेको जग्गालाई प्रतिवादीले भोग गरेको भनी उक्त जग्गासमेत जोड गरी प्रतिवादीको जग्गा बढी कायम गरी विवादित न.नं. ३क को जग्गा वादीको कायम गर्न नमिल्ने ।

वादीले आफ्नो कि.नं. ६३७ र प्रतिवादीले आफ्नो कि.नं. ६३८ को घर जग्गाको सीमाना छुट्ट्याई दुई कि.नं. हरूको बीचमा उत्तरबाट दक्षिणतर्फ पूरै जग्गाको सीमानामा कम्पाउन्डवाल लगाएको भन्ने तथ्य उक्त नक्सा मुचुल्काबाट देखिएको छ । वादी प्रतिवादीले आआफ्नै कम्पाउन्डवाल लगाई भोग गरेकोमा हाल यो कम्पाउन्डवाल भन्दा बाहिर गई वादीले प्रतिवादीको घरजग्गालाई पक्रन र दावी गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

१२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१२१२, निषेधाज्ञा, *शिवलाल कायस्थसमेत वि. अमृत महर्जन*

नक्सा नं. २ र ४(क) कि.नं. ४१५ भित्रको एवं नक्सा नं. १ र ४(ख) कि.नं. ४२१ भित्रको जग्गा देखिई विवादित पर्खाल कि.नं. ४२१ र ४१५ को नै रहेको छ । उक्त नक्सा मुचुल्काबाट यी निवेदकहरूको कि.नं. १७० को जग्गाभित्र विवादित पर्खाल परेको देखिँदैन । निषेधाज्ञा निर्विवाद हक स्थापित भएको अवस्थामा मात्र जारी हुन्छ । प्रस्तुत विवादमा निवेदकहरूको निर्विवाद हक स्थापित भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

१३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१२७७, निषेधाज्ञा, *रत्नमाया गिरी वि. रामबहादुर पुरीसमेत*

निवेदन दावीको कि.नं. ८३४ को ०-३-१० को जग्गा यी निवेदिका रत्नमाया गिरीले आफ्नी आमा नरमाया पुरीबाट मिति २०६७।१२।१५ को राजीनामाको लिखत रजिस्ट्रेसन पारीत गरी लिएकोमा विवाद देखिँदैन । कि. नं. ८३४ को ०-३-१० जग्गा निवेदिका रत्नमाया गिरीको निर्विवाद हक भोगको सम्पत्ति रहेको र उक्त जग्गाको आफूहरूको घर बनाउने कार्यसमेत नगरेको भन्ने विपक्षीहरूको लिखिन जवाफ रहेको देखिन्छ । यसरी उल्लिखित कित्ता नं. ८३४ को ०-३-१० जग्गामा विपक्षीहरूले कुनै किसिमको कब्जा नगरेको अवस्थामा निवेदन मागबमोजिम विपक्षीहरूले घर निर्माण गर्ने आशङ्काको स्थिति विद्यमान रहेको देखिन नआउँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

१४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-१४०८, निषेधाज्ञा, *विष्णुमाया राजथला वि. तिलकबहादुर नेगीसमेत*

सुवर्णलाल श्रेष्ठ र राजप्रसाद श्रेष्ठको नाउँ दर्ताको कि.नं. १४५१ को ०-०-१५ घर जग्गामा आफ्नो हक पुग्ने प्रमाण यी निवेदिका विष्णुमाया राजथलाले पेश गर्न सकेको देखिन आएन । अर्काको नाउँमा दर्ता भएको घर जग्गा कुनै तरहले कब्जा गरी बसेको भए तापनि त्यसलाई वैधानिक मानी निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था देखिन नआउँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल चैत २७ गते रोज ५ शुभम् ।

१५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-००८३, निषेधाज्ञा, *पवित्र चौधरी वि. जिल्ला जनस्वास्थ्य कार्यालय, सिरहासमेत*

निषेधाज्ञाको निवेदनबाट सबै कुराको निदान खोज्नु तर्कसङ्गत हुँदैन । प्रस्तुत विवादको जग्गा एवं सो जग्गामा निर्मित भवनको विषय विवादित रहेको, स्वास्थ्य चौकीको सहज सञ्चालनमा गाउँ विकास समितिको समेत दायित्व रहेको र विवादित भवनबाट तत्काल स्वास्थ्य सेवा सञ्चालन हुँदा निवेदकलाई अपूरणीय क्षति हुने अवस्थाको विद्यमानतासमेत नहुँदा निवेदकको मागबमोजिमको निषेधाज्ञा जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

१६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१२४, निषेधाज्ञा, *जगतबहादुर महर्जन वि. गाउँ विकास समितिको कार्यालय, बलम्बु काठमाडौंसमेत*

साधिकार निकायबाट प्रमाण बुझी न्याय निरूपण हुनसक्ने वैकल्पिक अवस्था रहे भएको स्थितिमा रिट अधिकारक्षेत्रबाट विवादको निरूपण गर्न नमिल्ने हुन्छ । कसैको निर्विवाद हकको विषयमा गैरकानूनीरूपमा आघात हुने प्र बल आशङ्का भएको र उक्त कार्य तत्काल नरोक्दा निवेदकलाई अपूरणीय क्षति हुने अवस्थामा मात्र निषेधाज्ञाको रिटबाट उपचार प्रदान गरिन्छ ।निवेदकले दावी गरेको जग्गा कि.नं. १३३ मा मिलान भई नसकी त्यो विषय नै विवादित रही रहेको र के कति जग्गा उकास भयो भएन र निवेदकको हक लाग्ने हो होइन भन्ने कुराहरू सबूद प्रमाणसमेत बुझी निर्णय गर्नुपर्ने अवस्थाको विवाद देखियो । यस्तो विवादित विषयमा सबूद प्रमाण बुझी निषेधाज्ञाको रोहबाट इन्साफ हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

१७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-०७४७, परमादेश, *शम्भुलाल कर्ण वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदक नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तरवृद्धि भएको देखिँदा निजले क्षयकुष्ठ सुपरभाइजरको काम गर्नुपर्नेमा विवाद देखिन्न । निवेदक कानूनमा भएको व्यवस्थाबमोजिम छैठौं तह क्षयकुष्ठ सुपरभाइजर

अधिकृत पदमा स्तरवृद्धि भइसकेपछि सोही हेल्थ इन्स्पेक्सन समूहको क्रम संख्या १७ मा उल्लेख भएअनुसारको छैठौं तहकै क्षयकुष्ठ निरीक्षक पदमा स्तरवृद्धि गरिपाऊँ भनी लिएको दावी कानूनसम्मत् मान्न मिलेन । स्वास्थ्य सेवा ऐन र नियमावलीबाट व्यवस्थित हेल्थ इन्स्पेक्सन समूहको तल्लो तह र पदबाट माथिल्लो तहमा स्तरवृद्धि गरी पदनाम दिएको कार्य कानूनसम्मत् रहेको अवस्थामा पुनः अर्को पदनामको दावी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

१८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-०८२४, परमादेश निषेधाज्ञा, *सुवास राज काफ्ले वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुरसमेत*

निवेदकले विपक्षीमध्येका कुन निकायले के कस्तो कार्य गर्न इन्कार गर्‍यो वा के कस्तो कानूनी दायित्वविपरीत कार्य गर्न खोज्यो सो कुरा उल्लेख गर्न सकेको देखिन्न । केवल निवेदनको अन्तिममा परमादेशसमेत जारी गरिपाऊँ भनी हचुवारूपमा परमादेशको आदेश माग गरेको देखिन्छ । निवेदकले निवेदनमा उल्लेख गरेको मिति २०४९।११।२६ को करारनामा सम्बन्धित विवादको निरूपण काठमाडौं जिल्ला अदालतमा दायर भएको करारबमोजिम हरहिसाब गराईपाऊँ भन्ने मुद्दाबाट हुने अवस्था हुँदा उक्त विचाराधीन मुद्दालाई असर पर्ने गरी परमादेशको आदेश जारी हुने अवस्थासमेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

१९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०९२६, उत्प्रेषण परमादेश, *जयकान्त झा वि. सरोजदेवी सिंह*

पुनरावेदन अदालतबाट प्रस्तुत जग्गा दर्तासम्बन्धी विवादमा मिति २०६७।१२।२३ मा भएको फैसला अन्तिम भई बसेको हुँदा उक्त फैसला शून्यको स्थितिमा रहन नसक्ने हुन्छ । उक्त फैसलाबमोजिम मालपोत कार्यालय, सप्तरीले निवेदिकाको नाममा दावीबमोजिमका जग्गा दर्ता हुने हो वा होइन भन्ने यकीन गर्नुपर्नेमा सो फैसलाको अनदेखा गरी हक कायम गरी ल्याउनु भन्ने निर्णय गरी उक्त अन्तिम भइरहेको फैसलालाई शून्य बनाउने कार्य न्याय एवं कानूनप्रतिकूल हुने ।

अदालतबाट भएको फैसलाप्रतिकूल निवेदिकाको दावीका सम्बन्धमा हक बेहकको प्रश्न खडा भएको भन्ने तर्क गरी फैसलाबमोजिम दर्ता हुने नहुने सम्बन्धमा नबोली हक कायम गराई ल्याउन सप्तरी जिल्ला अदालतमा जानु भनी मालपोत कार्यालय, सप्तरीबाट मिति २०६८।९।२४ मा भएको निर्णय कानूनप्रतिकूल देखिँदा सो निर्णय उत्प्रेषणको आदेशबाट बदर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१२।२३ मा भएको फैसलाबमोजिम निर्णय गर्न मालपोत कार्यालय, सप्तरीको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

२०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-१२०१, बहुविवाह, *नेपाल सरकार वि. योगमाया चिमरिया बस्नेत*

सामान्यतः कुनै अविवाहित महिला घरमा श्रीमती रहेको विवाहित पुरूष हो भन्ने

थाहा जानकारी हुँदाहुँदै त्यस्तो पुरूषसँग विवाह गरी जाने स्थिति प्रायः हुँदैन । फौजदारी मुद्दामा अनुमानकै भरमा कसूरदार कायम गर्नु न्यायोचित हुँदैन । बहुविवाहमा नजानी सौता हुन जाने महिला नै अन्जानवश पीडित हुन पुगेको अवस्था पनि हुन्छ । यस्तो स्थितिलाई सावधानीपूर्वक हेरिनुपर्दछ । अन्जानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबूद प्रमाणको अभावमा कसूरदार कायम गरी सजाय गर्नुबाट झन् पीडा थपिने हुन जान्छ । तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसूरदार ठहर गरी सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

२१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०७९०, कुटपीट अङ्गभङ्ग, *नेपाल सरकार वि. सुरेन्द्रकुमार कविरथसमेत*

अन्धो बनाउनु, नाकको सुँघ्ने शक्ति हरण गर्नु, बहिरो बनाउनु, स्वास्नी मानिसको दुध काटी बेकम्मा पार्नु, नल फलको पुरूषत्व शक्तिहीन गरी नपुङ्सक गरिदिनु र मेरूदण्ड डँडाल्नु, हात खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएको कारण तत्कालीन अवस्थामा र त्यसको निरन्तरतामा कालान्तरसम्म त्यस अङ्गले कुनै काम नगर्नु हो । वारदातका समयमा परेको चोटको असरले गर्दा त्यो अङ्गले तत्कालीन अवस्थामा पहिलाको जस्तै काम गर्न नसक्नु एउटा पाटो हो भने उपचारपश्चात् त्यो अङ्गले पहिलाको जस्तै काम गर्न सक्नु अर्को पाटो हो । कुनै अङ्ग कुटपीटबाट भाँच्चिएको वा फुक्लेकोमा उपचारपश्चात् पनि कुनै सुधार नभई त्यो अङ्ग निष्क्रिय भई कुनै काम गर्न नसक्ने भएमा मात्र बेकम्मा भएको मान्न सकिन्छ । तर उपचारपश्चात् पहिलाको जस्तै त्यो अङ्गले काम गर्न सक्षम हुन्छ र काम गरिरहेको छ भने त्यस्तो अवस्थामा बेकम्माको अर्थ गर्न नमिल्ने ।

वारदातको प्रकृति र त्यसबाट पीडितहरूलाई पर्न गएको चोटको मात्रा, भाँच्चिएको हातको हालको अवस्थामा राय प्रतिवेदनसमेतबाट प्रस्तुत वारदात अङ्गभङ्ग कुटपीटअन्तर्गतको वारदात नदेखिएबाट प्रतिवादीहरूले आरोपित कसूर गरेको ठहर गरेको शुरू सुनसरी जिल्ला अदालतको मिति २०६५।१०।२९ को फैसला बदर गरी कुटपीटअन्तर्गत मुद्दा सकार गर्न आए सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सकार गराई कारवाही गर्न शुरूमा पठाउने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।७।२४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार २४ गते रोज २ शुभम् ।

२२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-११०२, हातहतियार खरखजाना, *नेपाल सरकार वि. रविलाल सदाय मुसहर*

नेपाल सरकार वादी भई चलेका प्रत्येक मुद्दामा अन्तिम निर्णय नभएसम्म प्रत्येक न्यायिक चरणमा नेपाल सरकारको दायित्व रहिरहन्छ । अभियोग लगाउनुमात्र पर्याप्त हुँदैन । उक्त अभियोग स्वतन्त्र प्रमाणबाट पुष्टि हुनैपर्दछ । जाहेरी दिने व्यक्ति, मौकामा कागज गर्ने व्यक्ति र बरामदी मुचुल्काका व्यक्तिहरूमध्ये कुनै

पनि व्यक्तिलाई वादी नेपाल सरकारले बकपत्रका लागि उपस्थित गराई आफ्नो अभियोग पुष्टि गर्न सकेको अवस्था नदेखिँदा प्रतिवादी रविलाल सदाय मुसहरले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल असार ३० गते रोज १ शुभम् ।

२३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०९०७, लेनदेन, *रेणुकुमारी गुप्ता वि. जनार्दनप्रसाद रौनियारसमेत*

प्रतिवादीका बाबुको काजकिरिया दान दक्षिणा तथा घर खर्च गर्न भनी वादीसँग ऋण लिई उक्त ऋणबापतमा निजै प्रतिवादीका बाबुको नामको जग्गा यी वादीलाई पास गरिदिने र पास गर्न नसकी लिखत कच्चा भएमा वादीले आफूहरूबाट सावाँ व्याजमा दावी गर्नसक्ने भन्ने उल्लेख भएको र लिखत पारीत नभएको अवस्थामा उक्त रकमको साँवा व्याजसहित तिर्न बुझाउन प्रतिवादीहरू मन्जूर भई लिखत गरेको देखिँदा लिखत कार्यान्वयन हुन नसक्ने स्थिति सिर्जना भएबाट उक्त लिखत मुलुकी ऐन, रजिस्ट्रेसनको महलको ६ नं. बमोजिम कपालीसरह असूलउपर गर्न मिल्ने ।

करारमा हुनुपर्ने तत्त्वको विद्यमानताको अभाव रहेको र लिखतमा नै लिखत कच्चा ठहरे साँवा व्याज असूलउपर गरिलिन सकिने गरी लिखतमा उल्लेख भएबाट प्रस्तुत लिखतलाई करारको संज्ञा दिन नमिल्ने ।

मिति २०४७।१०।२५ मा लिखत भई फिराद २०५७।१०।१८ मा दायर भएको छ । उक्त मिति २०४७।१०।२५ को लिखत रजिस्ट्रेसनको महलको ६ नं. बमोजिम कपालीमा परिणत भएको र यसरी कपालीमा परिणत भएको लिखतमा दावी गर्न लेनदेन व्यवहारको २ नं. ले १० वर्षको हदम्याद हुने हुँदा लिखत मिति २०४७।१०।२५ बाट १० वर्षको हदम्यादभित्र मिति २०५७।१०।१८ मा फिराद दायर भएको देखिँदा प्रस्तुत फिराद हदम्याद नाघी दायर भएको भन्न नमिल्ने ।

मिति २०४७।१०।२५ को लिखतमा सहीछाप गर्ने प्रतिवादीहरूमध्ये जनार्दनप्रसाद रौनियार र सचिदानन्दप्रसाद रौनियार दुई जनाबाट यी वादीले सावाँ र व्याज भरिपाउने ठहर गर्नुपर्नेमा फिराद दावी खारेज हुने ठहर गरेको शुरू सप्तरी जिल्ला अदालतको मिति २०५८।५।१३ को फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०५९।८।२५ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई लिखतमा सहीछाप नगरेका व्यक्तिलाई ऋणको दायित्व बहन गराउन नमिल्ने हुँदा प्रतिवादीमध्ये गीरधरप्रसाद रौनियारबाहेकका अरू प्रतिवादीहरू जनार्दनप्रसाद रौनियार र सचिदानन्दप्रसाद रौनियारबाट मिति २०४७।१०।२५ को लिखतमा उल्लिखित सावाँ रू.८०,००१।— (असीहजार एक) र कानूनबमोजिम भरिपाउने १० वर्षको व्याज रू.८०,००१।— समेत जम्मा सावाँ व्याज रू.१,६०,००२ (एक लाख साठी हजार दुई रूपैयाँ) र कोर्टफीसमेत वादीले भरिपाउने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः सबिना अधिकारी
इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम् ।

२४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०१३१, हातहतियार खरखजाना, *नेपाल सरकार वि. ललितकुमार झा*

वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागजमा प्रतिवादी हतियारसहित पक्राउ परेका हुन् भन्ने कुरा सुनेका हौं देखेका होइनौं भनी अनुसन्धानको क्रममा नै यी प्रतिवादीउपर गडाउ गरेका छैनन् । त्यसैगरी वादी पक्षले प्रमाणको लागि पेश गरेका सरकारी गवाह बरामदी मुचुल्काका व्यक्तिहरू बलदेव मण्डल र अरूणचन्द्र मिश्रले बकपत्र गर्दा प्रतिवादीको साथबाट कुनै प्रकारको पेस्तोल र गोली बरामद नभएको भनी उल्लेख गरेबाट सरकारी गवाहले नै मौकाको बरामदी मुचुल्काउपर प्रश्न खडा गरेको र अन्य स्वतन्त्र प्रमाणबाट आरोपित कसूर गरेको भन्ने तथ्य समर्थित हुन नआएको अवस्थामा शङ्कास्पद बरामदीलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा प्रतिवादी ललितकुमार झाले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० असार ३० गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६५-WO-०४६८, परमादेश, *ज्ञानु पोखरेल वि. महान्यायाधिवक्ताको कार्यालयसमेत*

निवेदिका विरूद्ध मानव बेचबिखन मुद्दाको अभियोग लगाई काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको र अदालतले तारिखमा राखेको निवेदन व्यहोराबाट देखिएकाले सो मुद्दामा अनुसन्धान गर्ने प्रहरी अधिकृतले दिएको रायसमेतको आधारमा अभियोगपत्र दायर गरिएको हुँदा अनुसन्धान अधिकारीले अनुसन्धान तहकीकातपश्चात् दिएको रायको नक्कल सरोकारवाला उक्त मुद्दाको प्रतिवादी यी निवेदिकालाई दिन नमिल्ने भन्ने कानूनबमोजिमको कारण र आधार लिखित जवाफमा उल्लेख गर्न नसकेको अवस्थामा आफ्नो सरोकार रहेको उक्त कागज, लिखत इत्यादिको नक्कल लिन पाउने हक नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७(१), सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३, मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको २११ नं. र कागज जाँचको १७ नं. ले प्रत्याभूत गरिएको देखिँदा यी निवेदिकाले आफ्नो सरोकार भएको भनी माग गरेको उक्त मुद्दामा तहकीकात गरी दिएको रायको प्रतिलिपि माग गरी निवेदन दिएकोमा सो निवेदन दर्ता गरी कानूनले दिन नमिल्नेमा बाहेक नक्कल दिनु र दिन नमिल्नेमा कारणसहित सो निवेदन दरपीठ गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल पुस २३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०६४३, ०६७-CR-०२१९, लागु औषध खैरो हिरोइन, *बिमला कर्माचार्य वि. नेपाल सरकार, शैलेश खड्का वि. नेपाल सरकार*

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्दीपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स) र तिनको लवण र अन्य पदार्थसमेतको दुर्व्यसन गर्ने व्यक्तिको हकमा मात्र १४(१)(ज) बमोजिम सजाय हुन सक्छ । तर लागु औषध हेरोइन लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क) को खण्ड (६क) बमोजिम लागु औषधको परिभाषाभित्र पर्ने भएको र यी प्रतिवादीहरूबाट बरामद भएको लागु औषध

हेरोइनको परिभाषा हेर्दा निजहरू दुर्व्यसनीमात्र हुन् भन्न सकिने अवस्थासमेत नदेखिँदा आफूलाई दफा १४(१)(ज) बमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू बिमला कर्माचार्य, शैलेश खड्काले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) को कसूर गरेको देखिएकोले निजहरूलाई सोही ऐनको दफा १४(१)(छ)(२) नं. बमोजिम जनही १० (दश) वर्ष कैद र रू. ७५,०००।— (पचहत्तर हजार) जरीवाना हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।६।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७० साल पुस १६ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०२१०, उत्प्रेषण, *डा. रामप्रसाद भट्टराई वि. शिक्षा मन्त्रालयसमेत*

निवेदकको पुनरावेदन उजूरी त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोगमा मिति २०७०।१।८ मा द.नं. १७।०६९।७० मा दर्ता भई विचाराधीन रहेको व्यहोरा स्वयं निवेदकले स्वीकार गरेको देखिन्छ । यसरी निवेदकको पुनरावेदन उजूरी पुनरावेदन आयोगमा विचाराधीन अवस्थामा रही त्यसै रोहबाट निर्णय गरिपाउने अवस्था रहेको र सोउपर चित्त नबुझेमा यस अदालतको असाधारण अधिकारक्षेत्र उपयोग गर्नसक्नेसमेतको विकल्प हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको नमिलेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०१७८, मोही लगत कट्टा, *बृजकिशोर राय वि. गोनौर शाह कलवार*

विवादित किनं ७२७ को ०-५-५ जग्गाको साविक जग्गाधनी महेश कलवार भै विपक्षी प्रतिवादी बनाइएका उति साह कलवारले सो जग्गा मोहीको हैसियतले जोती आएको भन्ने मिसिलसाथै रहेको मोहियानी हकको प्रमाणबाट देखिन्छ भने प्रतिवादी गनी साह कल्वार भन्ने गोनौर साह कलवार निज उति साहको छोरा हुन् भन्ने कुरामा कुनै विवाद देखिँदैन । उति साहको मृत्यु २०३२ सालमै भैसकेको भन्ने प्रस्तुत मुद्दाका प्रत्यर्थी गोनौर साहले मिति २०६२।७।७ मा दिएको मोही नामसारी मुद्दाको फिरादपत्रबाट देखिएको छ भने उक्त जग्गा बाबुको शेषपछि निजको हक खाने छोरा म प्रतिवादीले जोती कमाई जग्गाधनीलाई बालीसमेत बुझाउँदै आएको भनी निज गोनौर साहले प्रतिउत्तर लिएको देखिन्छ । साविक जग्गाधनी महेश कलवारले विवादित जग्गाको बाली नपाएको भनी दावी लिएको नदेखिएको अवस्थामा उक्त जग्गा मोहीको शेषपछि प्रतिवादीले नै जोतभोग गरी आएका रहेछन् भनी मान्नुपर्ने अवस्था देखिन आउँछ । मिति २०६६।७।१४ मा भै आएको सर्जमीनबाट विवादित जग्गा, जग्गाधनीले नै जोती आएको भन्ने उल्लेख भै आएको देखिए पनि संशोधित भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(ख) अनुसार दावीको जग्गामा मोहीको हैसियतले निज प्रत्यर्थीको समेत बराबर हक हिस्सा अर्थात् आधा जग्गामा स्वामित्व कायम रहेको भन्ने देखिएपछि

निज मोहीले स्वेच्छाले कानूनबमोजिम उक्त जग्गाको हक परित्याग नगरेको अवस्थामा केवल सर्जमीनका व्यक्तिले लेखाइदिएसम्मको आधारमा सो जग्गाबाट निजको मोहियानी हक समाप्त हुन नसक्ने ।

मोही महलबाट अघि नै मरिसकेका उति साह कलवारको नामको मोही लगत कट्टा हुने ठहर्‍याई भएको शुरू भूमिसुधार कार्यालय, रौतहटको मिति २०६६।८।२३ को फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।२८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल कात्तिक २९ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६८-CI-०१७९, मोही नामसारी, *बृजिकशोर राय वि. गोनौर शाह कलवार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-WO-०२३५, उत्प्रेषण, *नरेन्द्र झासमेत वि. जिल्ला विकास समितिको कार्यालय, रौतहटसमेत*

मिति २०६६।२।२५ को बोलपत्रको सूचनामा समनपुर नाका नदीनालाबाट बिक्री हुने ढुङ्गा, गिट्टी, ग्राभेल र रोडा (निजी जग्गामा उत्पादितसमेत) को कर दस्तूर संकलन दररेट तथा समनपुर बजार ठेक्काको दररेट भनी उल्लेख भएकोबाट गाउँ विकास समितिको हक नै नभएको निजी व्यक्तिको हक भोग स्वामित्वको जग्गा ठेक्कामा लगाउन सक्ने कानूनी अख्तियारी रहेको भन्न नमिल्ने ।

गाउँ विकास समिति कानूनबमोजिम स्थापित स्वायत्त निकाय भएको र यसले कानूनबमोजिम व्यक्तिसरह सम्पत्ति आर्जन गर्ने र भोग गर्ने अधिकार राख्ने भएपनि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६८(ख) ले स्पष्ट रोक लगाएको विषयमा समेत ठेक्का सदर गर्ने गरेको कार्य कानूनसम्मत् हुन नसक्ने हुँदा गाउँ विकास समितिले कानूनविपरीत निजी जग्गाको उत्पादनसमेत समावेश गरी ठेक्का लगाउने कार्य गर्न नसक्ने ।

बोलपत्र आव्हानबमोजिमको ठेक्का सम्झौता हेर्दा उक्त बोलपत्रको शर्त तथा बन्देजको दफा १ मा ठेक्का अवधि २०६६ श्रावण एकदेखि ०६७ आषाढ मसान्तसम्म (एकवर्ष) को लागि हुनेछ भन्ने उल्लेख भएको हुँदा ठेक्का अवधि नै समाप्त भैसकेको प्रस्तुत विवादमा रिट जारी गर्नुपर्ने औचित्य नै समाप्त भएको हुँदा रिट जारी गर्न मिलेन खारेज हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल भदौ २५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-११८६, उत्प्रेषणसमेत, *हाइल्यान्ड डिस्टिलरी (प्रा.) लि. वि. श्रीराम तामाङसमेत*

विपक्षी श्रीराम तामाङले खराब आचरण गरेको भनी सोही विषयमा सोधिएको स्पष्टीकरणबाट विवादको सिर्जना भएको देखिएको छ । यही जरीयाबाट पछि प्रतिष्ठान बन्द हुने स्थितिसम्म पुगेको कारणले विपक्षी श्रीराम तामाङले अन्तरकालीन आदेशको माग गरी श्रम अदालतमा निवेदन दिएको पाइन्छ । निजले श्रम अदालतमा दिएको उक्त निवेदनमा आफूले निलम्बन बदर मुद्दामा उक्त अदालतमा पुनरावेदन दिएको कुरासमेत खुलाई व्यहोरा उल्लेख गरिएको देखिन्छ । श्रम अदालतले अन्तरकालीन आदेश गर्दा पनि निलम्बन बदर मुद्दामा श्रीराम

तामाङलाई सोधिएको सोही स्पष्टीकरण र प्रतिष्ठान बन्द भएको विषयसमेतलाई समेटी आदेश गरेको देखिन्छ । यसरी श्रम अदालतले मिति २०७०।१।१० मा गरेको अन्तरकालीन आदेश उक्त अदालतमा विचाराधीन रहेको निलम्बन बदर मुद्दासँग अन्तरसम्बन्धित नै रहेको हुँदा सो आदेश श्रम अदालत (कार्यविधि) नियमावली, २०५२ को नियम ३४ बमोजिम भएको देखिने ।

विपक्षी श्रीराम तामाङले प्रतिष्ठानमा खराब आचरण गरेको हो होइन, प्रतिष्ठानले स्पष्टीकरण सोधेको विषयमा निजले कस्तो प्रतिक्रिया व्यक्त गरेका थिए, प्रतिष्ठान बन्द हुनुमा ट्रेड युनियनमा सम्बद्ध कर्मचारीको भूमिका छ वा स्वयं प्रतिष्ठान आफैं सक्रिय भई बन्द गरेको हो, यी सबै विषयमा प्रमाणको मूल्याङ्कन नगरी अन्तरिम आदेश ठीक वा बेठीक के छ भनी निष्कर्षमा पुग्नु न्यायोचित हुँदैन तर प्रमाणको मूल्याङ्कन गरी इन्साफतर्फ विचार गर्ने काम तल्लो अदालतबाट नै हुने हुँदा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएको प्रस्तुत मुद्दामा यस अदालतबाट हस्तक्षेप गरी मातहत अदालतका कामकारवाहीलाई असर पर्ने कार्य गर्न युक्तिसङ्गत हुँदैन । श्रम अदालतबाट भएको आदेशको प्रकृति नै अन्तरिम र अस्थायी प्रकृतिको भई सम्बन्धित अदालतले नै आवश्यकतानुसार जहिलेसुकै परिवर्तन गर्नसक्ने र पूर्ण सुनुवाइको बखत पूरातवरले इन्साफ गर्नसक्ने नै हुँदा यस्ता विचाराधीन विषयमा माथिल्लो अदालतले अन्तरकालीन विषयवस्तुमा प्रवेश गरी गुण दोषको आधारमा विचार गरी हस्तक्षेप हुने गरी आदेश जारी गर्न नमिल्ने हुनाले निवेदन खारेज हुन्छ । तर विपक्षी श्रम अदालतले अन्तरकालीन आदेश जारी गरेको मुद्दाको निर्णय अविलम्ब गरिदिनु पर्ने हुनाले सो निर्णय अविलम्ब गरिदिनु भनी उक्त अदालतका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर : कल्पना बतौंला

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०४३६, कर्तव्य ज्यान, *सरीता पौडेल वि. नेपाल सरकार*

प्रतिवादी सरीता पौडेललाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्दा सजाय चर्को हुन जान्छ कि भन्ने सन्दर्भमा विचार गर्दा सुरू तथा पुनरावेदन अदालतले कैद वर्ष ५ (पाँच) गर्ने राय व्यक्त गरेको पाइयो । यी प्रतिवादी चरम गरिबी, असहाय अवस्था, सहयोग र समर्थनको अभावले मनोवैज्ञानिक दुर्बलताले विवेकहीन कार्य गरेको देखिन आउँदछ । बराबर बिरामी भइरहने र त्यसको भार थेग्न नसक्ने अवस्थाले विचलित भएर एउटा महिलाले आफ्नो प्रियजनकैउपर साङ्घातिक बल प्रयोग गर्नुपर्ने परिस्थिति मानवता र समाजका लागि पनि चेतावनी दिने खालको कुरा छ । यस्तो कार्य र परिस्थिति अवाञ्छित र बिडम्बनापूर्ण त छ तर त्यस्तो स्थितिबाट उम्कन सक्ने राहतजन्य व्यवस्थाहरूको अभावमा त्यस्तो जघन्य र संवेदन शून्य अवस्था आईनरहला भन्न पनि सकिँदैन । समाज र राज्यले यस्ता कुराको कारक तत्त्वहरूको अध्ययन र पहिचान गरी मानवीय सुरक्षाका किल्लाहरू मजबूत पार्ने प्रयास गर्नुपर्ने हुँदा अ.बं.१८८ नं. बमोजिम पुनरावेदन अदालतले ५ (पाँच) वर्षमात्र कैद सजाय गर्न उपयुक्त हुने भनी व्यक्त गरेको राय न्यायको दृष्टिले मनासिब नै हुँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर : कल्पना बतौंला

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-१२७१, अंश हक, *वाहिद अली गद्दी वि. अहमद अली गद्दी*

अंश मुद्दामा के कुन सम्पत्तिमा अंश लाग्ने नलाग्ने सोको निराकरण तथ्य एवं प्रमाणको आधारमा हुनु पर्ने र एउटै दाताले एउटै मितिमा एकै कित्ताबाट कित्ताकाट गरी समान हैसियतका दुई व्यक्तिलाई एकै व्यहोराले दिएको हालैको बकसपत्रमध्ये एउटालाई बन्डा नलाग्ने ठहर गर्नु र अर्कोलाई बन्डा लाग्ने ठहर गर्नु समन्याय र मुलुकी ऐन अंशबन्डाको १८ नं. को कानूनी व्यवस्थासमेतको विपरीत हुन जाने ।

हालैको बकसपत्रबाट प्राप्त निजी आर्जनका सम्पत्तिमा अन्य अंशियारको बन्डा नलाग्ने गरी ठहर गर्नुपर्नेमा प्रतिवादी पुनरावेदक वाहिद अलि गद्दीकी श्रीमती मैमुननिसाले मिति २०६२।१२।९ गते बकसपत्रबाट प्राप्त गरेको किनं १२४३ को जग्गामा समेत बन्डा लाग्ने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६६।१।२४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला नमिलेकोले सो हदसम्म उल्टी हुने ।

प्रतिवादीहरूले निजी आर्जन भनी उल्लेख गरे पनि निजी आर्जन भनी प्रमाणित गर्न नसकेका एवं पैतृक आर्जनको अन्य जग्गाहरूमा सगोलको भनी अंशियारबीच बन्डा लाग्ने ठहर्‍याएको शुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७० साल भदौ २६ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-००८९, अंश नामसारी, *सुराती कुर्मीसमेत वि. सीताराम कुर्मी*

प्रतिवादीबीच २०४१।३।२९ मा र.नं. ६८२३ बाट पारीत बन्डापत्रको सम्बन्धमा यी वादीले लामो समयसम्म प्रतिवाद नगरी स्वीकार गरिबसेको अवस्थासमेतलाई हेर्दा यी वादीले नेपालमा बसोबास गरी वादीले फिरादमा दावी लिए जस्तो जग्गा हक भोग गरी आएको भनी अनुमान गर्नसक्ने अवस्थासमेत देखिन आएन । एउटै वंशभित्रको यी वादी भएको भए मिति ०४१।३।२९ मा र.नं.६८२३ बाट पारीत बन्डापत्रको सम्बन्धीमा यी वादीले लामो समयसम्म प्रतिवाद नगरी सोलाई स्वीकार गरी बसिरहने थिएनन् । उल्लिखित आधारहरूबाट यी वादी प्रतिवादीहरूबीच नाता सम्बन्धमा एउटै वंश नाताभित्रको होइनन् भन्ने देखिँदा ५ भागको १ भाग वादीले प्रतिवादीहरूबाट अंश पाउने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६५।९।२० मा भएको फैसला मिलेको देखिन आएन । प्रस्तुत मुद्दा उल्टी भई पुनरावेदन अदालत, बुटवलको फैसला सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०३२४, उत्प्रेषण

परमादेश, *हिरादेवी सापकोटासमेत वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासीसमेत*

भोगमा विवाद रहेको र निवेदकले भोगको कुनै निस्सा प्रमाण पेश गर्न नसकेको यस अवस्थामा जग्गा दर्ता मुद्दा हेरेको जस्तो गरी यो यसको हक छ र जग्गा नाममा दर्ता गरिदनु भनी यस असाधारण अधिकारक्षेत्रबाट सबूद प्रमाणको मूल्याङ्कन गरी हेरिने र निर्णय गरिने विषयवस्तु नभएको समेतको कारणबाट निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CR-०२३६, सम्बन्धविच्छेद, *जीवन पुन वि. जमुना राना*

प्रतिवादीले आफ्नो अंश प्राप्त नगरेको अवस्थामा पैतृक सम्पत्तिबाट अंशियारहरूबीच अंश बन्डा गरी निजहरूले पाउने अंशबाट बन्डा गरेपछि मात्र सम्बन्ध विच्छेद गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेकोले सोहीअनुसार नै भए गरेको देखिने ।

पैतृक सम्पत्तिको रूपमा प्राप्त सम्पत्ति परिवारका एकासगोलमा रहेको जुनसुकै सदस्यको नाममा रहेको भए पनि बन्डा गर्नुपर्ने सम्पत्ति नै हुने हुँदा प्रतिवादी पूर्णा पुनको नाममा नामसारी भै आएको बाग्लुङ, धम्जा गाविस हाल तग्राम गाविस वडा नं. ९ का कि.नं. ४०५, ४१७ ४३० १२३५ को जग्गा एवं घर मोहीभित्र पर्न जाने देखिन्छ । साथै प्रतिवादी परवीर पुनले कान्छी बुहारी नरमाया पुनबाट र.नं. ३८३१ मिति २०५४।३।१२ मा हा.ब.बाट प्राप्त कि.नं. १९३० र १९३२ को जग्गा निजको निजी आर्जनकै सम्पत्तिसमेत देखिएको अवस्थामा आफ्नो छोरा प्रतिवादी जीवन पुनसमेतलाई बन्डा गर्नुपर्ने सम्पत्ति नै देखियो । तर प्रतिवादी पूर्णा पुन परवीर पुनको आमा भएकोले छोराको निजी आर्जनको सम्पत्तिसमेत भएबाट निज प्रतिवादी पूर्णा पुनले छोराको निजी सम्पत्तिबाट बन्डा पाउने कानूनी व्यवस्थाको अभावमा उल्लिखित दुई कित्ता जग्गाबाट बन्डा पाउने देखिन आएन । प्रतिवादी जीवन पुनको बाबु परवीर पुनको नाममा निजी तवरबाट आर्जन गरेको कि.नं. १९३० र १९३२ का जग्गा निजको छोरा श्रीमतीको लागि पैतृक सम्पत्ति नै हुने हुँदा उक्त जग्गाबाट अंश पाउने देखिँदा प्रतिवादी पूर्णा पुनको नाममा रहेको सम्पत्तिलाई २ भाग लगाई प्रतिवादी परवीर पुनको भाग पर्न आएको सम्पत्तिलाई परवीर पुन-१, निजको श्रीमती-१ र छोरा जीवन पुन-१ भाग गरी जीवन पुनको भागमा पर्न आउने सम्पत्तिलाई २ भाग गरी १ भाग वादी जमुना पुनले अंश पाउने नै देखियो । साथै प्रतिवादीका बाबु परवीर पुनको नाममा हा.ब.बाट प्राप्त एवं निजको नाममा रहेको सम्पत्तिसमेतबाट ३ अंशियार देखिँदा ३ भाग लगाई ३ भागमध्ये प्रतिवादी जीवन पुनको अंश भागमा पर्ने सम्पत्तिलाई २ भाग लगाई १ भाग वादी जमुना पुनले अंश पाउने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०७१३, ०७१४, अदालतको अपहेलना, *सरयुग ठाकुर वि. अर्जुन ठाकुर, देवनारायण ठाकुरसमेत वि. अर्जुन ठाकुर*

बाली नकाट्नु भनी अन्तरिम आदेश पुनरावेदन अदालत, राजविराजबाट जारी भै मिति २०६५।७।२८ मा तामेल भैरहेको अवस्थामा अन्तरिम आदेश जारी भएको थाहा भएन, २०६५ सालको धानबाली मैले नै काटेको भनी स्वीकार गरेको अवस्थालाई हेर्दा अदालतबाट जारी भएको अन्तरिम आदेशको प्रत्यर्थी पुनरावेदकहरूले अवज्ञा गरी अदालतको अपहेलना गरेको देखिन आयो । उल्लिखित आधार कारणहरूसमेतबाट विपक्षीहरूलाई जनही रू.१००।— का दरले जरीवाना हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-१००२, लेनदेन, *लक्ष्मी महरा चमार वि. रामपुकार यादव*

पुनरावेदकले शुरू धनुषा जिल्ला अदालतमा फिरादसाथ पेश गरेको सक्कलबमोजिमको कपाली तमसुकको फोटोकपीमा छैठौं हरफमा आठ अक्षर काटिएको र त्यसमा ल्याप्चे छाप लागेको छैन तर सक्कल लिखतमा ल्याप्चे छाप लागेको छ भनी दावी लिएको अवस्था हुँदा मिसिल संलग्न लिखत हेर्दा प्रतिवादीले पुनरावेदन जिकीर लिए जस्तो नभई सो फोटोकपी भएबाट ल्याप्चे छाप स्पष्ट नआएको एवं सो लिखतको फोटोकपी सक्कल लिखतकै भएको देखिन आएको हुँदा अन्यथा मान्न सकिने अवस्था देखिएन । प्रतिवादी पुनरावेदकले वादीबाट मिति २०५५।७।५ गते रू. १०,८५०५।— लिई गरिदिएको कपाली तमसुकलाई अन्यथा भन्न सकेका छैनन् । लेनदेन व्यवहारको महलको १ नं. को परिभाषाभित्रको भई पेश भएको प्रस्तुत कपाली तमसुक ऐ. महलको २ नं. को म्यादभित्रैको देखिँदा वादीले प्रतिवादीबाट कपाली तमसुकबमोजिमको साँवाब्याज भराई लिन पाउने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०३०७, अबन्डा जग्गा बन्डा, *शिवनारायण सुतिहार वि. लक्ष्मी सुतिहार*

वादीले अंश पाउने भनी ठहर भएका प्रस्तुत पुनरावेदनमा उल्लिखित कित्ता जग्गाहरू २०३० सालको अंश मुद्दामा समावेश भएको भन्ने देखिँदैन । अंश व्यक्तिको नैसर्गिक हक भएको र अंशियारले आफूले कानूनबमोजिम पाउनुपर्ने सम्पत्ति विधिवत्‌रूपमा अंश प्राप्त नगरेसम्म अंश हकको अन्त्य हुन सक्दैन । प्रस्तुत मुद्दामा वादीले अंश पाउने ठहर भएको सम्पत्ति २०३० सालको अंश मुद्दामा नसमेटिएको तथ्यलाई पुनरावेदकले स्वीकार गरी बसेको अवस्था हुँदा प्रस्तुत मुद्दामा अ. बं. ८५ नं. आकर्षित नहुने ।

इजालस अधिकृत: मोहनप्रसाद बास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०४४७, जालसाज, *बसन्ता पुरी वि. जीवा पुरी*

वादीले मिति २०५९।२।६ को अंश भरपाइको नक्कल मिति २०६४।७।१२ मा सारी थाहा पाएको भन्ने आधारमा सो कानूनी व्यवस्थाबमोजिम फिराद दर्ता गरेको अवस्था छ । संशोधित व्यवस्था मिति २०५९।५।२७

देखि लागू भएको छ । मिति २०५९।२।२६ को लिखत भएको ६ महिनाभित्रै भएको संशोधनको फाइदा फिरादीले नपाउने भन्न नेकाप २०६७, मङ्सिर, नि.नं. ८४२८, पृष्ठ १२६५ को नजीरका परिप्रेक्ष्यमा समेत मिल्ने देखिँदैन । जहाँसम्म लेनदेन व्यवहारको १० नं. बमोजिम फिराद दर्ता हुनुपर्ने थियो भन्ने जिकीर छ यस सम्बन्धमा कानूनले नै पक्षलाई लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र फिराद गर्ने वा कीर्ते कागजको १८ नं. को हदम्यादभित्र गर्ने भन्ने दुईवटा विकल्प भएको अवस्थामा दुई विकल्पमध्ये दुईवटै रोज्ने वा एउटा विकल्प रोज्ने भन्ने अधिकार पक्षलाई रहेको देखिन्छ । सोही आधारमा कीर्ते कागजको १८ नं. को आधारमा परेको फिरादका सन्दर्भमा यथोचित व्याख्या र प्रयोग हुने अवस्था बाँकी नै रहेको अवस्थामा अहिले नै विषयवस्तुमै प्रवेश गर्न निषेध गर्न नमिल्ने ।

लेनदेन व्यवहारको ८ नं. अनुसार घरको मुख्य वादीको बाबु कृष्ण पुरीले सहीछाप गरी र वादीको आमा रूक्का पुरीसमेत साक्षी बसी मिति २०५९।२।६ मा भएको अंश भरपाई बदर गर्न जालसाजीमा फिराद गर्ने अधिकार वादीलाई छैन भन्ने अर्को जिकीरतर्फ विचार गर्दा प्रस्तुत मुद्दाको विषय हदम्यादको आधारमा शुरूले खारेज गरेउपर पुनः इन्साफ गर्न सुरूमा पठाउने गरेको पुनरावेदन अदालतको फैसला मिले नमिलेको विषयसँग सम्बन्धित हुँदा सुरूबाट हुने फैसलामा सो जिकीरको विषयमा विवेचना हुने नै हुँदा यस अदातल हाल दुबै पक्षको प्रमाण बुझी इन्साफको रोहबाट यस अदालतबाट बोल्न नमिल्ने ।

इजालस अधिकृत: मोहनप्रसाद बास्तोला

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०६८-CI-०४३३, अंश, *पवित्रा पुरीसमेत वि. जीवा पुरी*
- ०६७-CI-१११८, जालसाज, *भीमबहादुर पुरी वि. जीवा पुरी*
- ०६७-CI-१४१०, अंश, *भीमबहादुर पुरी वि. जीवा पुरी*

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** ०७०-RE-०१६८, ठगी, *खेमराज न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादी खेमराज न्यौपानेले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतको बयानमा समेत निज परिदृष्य सहकारीको संस्थापक शेयरहोल्डर, सञ्चालक एवं कर्मचारीसमेत नभएको र सहकारीको निक्षेपकर्ताको रकम आफूले ठगी नगरेको भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीउपरको अभियोग दावीमा पनि निज उक्त सहकारीको रकम उठाउने कार्यमा संलग्न रहेको वा सहकारीको कार्य गर्ने कुनै पदाधिकारी, सदस्य वा कर्मचारी रहेको अवस्था देखिँदैन । निज प्रतिवादीले उक्त सहकारीको तिर्नुपर्ने दायित्व सञ्चालकहरूले नतिरे उक्त दायित्वको रकमसम्म आफूले तिर्ने भनी मिति २०६९।१।२७ मा भाखा तमसुक कागज गरेको देखिन्छ । जिल्ला अदालत र पुनरावेदन अदालतले उक्त सहकारीका सञ्चालकसमेत रहेका अन्य प्रतिवादीहरूलाई रू. ३०,००,०००।— (तीस लाख) धरौटी लिई पुर्पक्षको लागि तारिखमा राखेको देखियो । उक्त सहकारीको रकम बुझाउनुपर्ने सञ्चालकहरू उपस्थित भई निजहरूबाट धरौट मागसमेत भएको अवस्थामा उनीहरूको हकमा जमानीसम्म बस्ने निवेदक प्रतिवादीलाई पुर्पक्षका निमित्त थुनामा

राख्ने गरेको मिति २०६९।१२।२२ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।३।१४ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । तसर्थ निवेदक प्रतिवादी सञ्चालक, शेयरहोल्डर एवं कर्मचारीसमेत नभएको उक्त सहकारीको जमानीसम्म दिएको अवस्थामा सो सहकारीका सञ्चालकहरू धरौटीमा रहेको अवस्था देखिँदा पछि ठहरेबमोजिम हुने गरी यी प्रतिवादी खेमराज न्यौपानेबाट रू. ३०,००,०००।- (रू. तीस लाख) नगद वा सो बराबर जेथाजमानी दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ वैशाख २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-RE-०२६९, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*

वैभव फाइनान्स लिका प्रबन्ध सञ्चालक रहेको यी प्रतिवादी केशव नरसिंह राजभण्डारीले "गुड फर पेमेन्ट" अङ्कित रू.५०,००,०००।— (पचास लाख) को चेकको आधारमा बिनाधितो र परियोजना ऋण प्रवाह गरी बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर अपराध गरेकोले दफा १५(२)(ग) बमोजिम निजलाई सजाय गरिपाऊँ भन्ने दावी लिई अभियोगपत्र दायर भएको देखिन्छ र सो दफा १५(२)(ग) मा अपराध गरेको ठहरे २ वर्षदेखि ३ वर्षसम्म कैद हुनसक्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त मुद्दामा यी निवेदक प्रतिवादीलाई अ.बं.११८ नं.को देहाय २ बमोजिम पुर्पक्ष निमित्त थुनामा राख्ने भनी वाणिज्य इजलासबाट आदेश भएको र अ.बं.११८ नं.को देहाय २ मा "नेपाल सरकार वादी भई चलेको तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुनसक्ने मुद्दामा थुनामा राखी पुर्पक्ष गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । सोबमोजिम तीन वर्षभन्दा बढी कैद हुने मुद्दामा थुनामा राख्ने व्यवस्था भएकोमा यी निवेदकलाई सजायको दावी लिएको बैकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(ग) मा सो नभई दुई वर्षदेखि तीन वर्षसम्ममात्र सजाय हुनसक्ने अवस्था भई उक्त अ.बं.११८ नं.को देहाय २ को अवस्था विद्यमान रहेको नदेखिएकोले तीन वर्षभन्दा घटी सजाय हुने मुद्दामा थुनामा राखी पुर्पक्ष गर्ने भन्ने पुनरावेदन अदालत, वाणिज्य इजलासको मिति २०७०।१।१३ को आदेश कानूनसङ्गत नदेखिँदा सो आदेश बदर गरिदिएको छ । अ.बं. ११८ नं.को देहाय ५ र १० बमोजिम पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने नै हुँदा निवेदकले रू.१०,००,०००।— (दश लाख) नगद धरौट वा सोबापत जेथा जमानी दिनसके लिई तारिखमा राखी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ वैशाख १७ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दामा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-RE-०२६७, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*
- ०६९-RE-०२६८, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*
- ०६९-RE-०२७१, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*
- ०६९-RE-०२७२, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*
- ०६९-RE-०२७३, बैङ्किङ कसूर, *केशव नरसिंह राजभण्डारी वि. नेपाल सरकार*

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०७०-RE-०१०७, बैङ्किङ कसूर, *गौरीशंकर चौधरी वि. नेपाल सरकार*

प्रतिवादी बैङ्कमा गैरकार्यकारी सञ्चालक रहेको अवस्थामा शेयर धितो राखी ऋणी राइजिङ

एन्ड कमर्सियल कम्प्लेक्स (प्रा) लि. लाई ऋण प्रवाह गरेको देखिएको र निज ऋणीले आफूले लिएको ऋणको साँवा ब्याजसमेत चुक्ता गरिसकेको भन्ने प्रतिवेदक नेपाल राष्ट्र बैङ्कले पुनरावेदन सरकारी वकील कार्यालय, ललितपुरलाई मिति २०७०।५।२६ मा प.सं. बै. सु.बि./एनबि डेस्क/विविध/६/०७०/७१ को पत्र लेखी जानकारी दिएको तथा कर्जा दिने नेपाल बङ्गलादेश बैङ्कले पनि यी प्रतिवादी गौरीशङ्कर चौधरीलाई मिति २०७०।५।२४ मा लेखेको Ref No. NB: LRD/809/2013 को मिसिल संलग्न पत्रसमेतबाट बैङ्कको ऋण चुक्ता भई फरफारक भइसकेको भन्ने देखिएकोले निज प्रतिवादी कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार नदेखिएको हुँदा निजलाई मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राखी पुर्पक्ष गर्न मनासिब नदेखिँदा मिति २०६९।८।१८ र मिति २०७०।६।७ को आदेश बदर गरिदिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा यी निवेदक प्रतिवादीको उमेर ७० वर्ष नाघिसकेको र निजलाई विभिन्न प्रकारको रोग लागी कारागारमार्फत् विभिन्न अस्पतालबाट समयसमयमा उपचारसमेत गराइरहेको देखिएकोले निजको शारीरिक र स्वास्थ्य अवस्थासमेतलाई विचार गरी हाल निजलाई मुलुकी ऐन, अ.बं. ११८ देहाय ७ बमोजिम थुनामा राख्न उपयुक्त नहुँदा अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल जेठ ७ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दामा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-RE-०१०४, बैङ्किङ कसूर, *गौरीशंकर चौधरी वि. नेपाल सरकार*
- ०७०-RE-०१०५, बैङ्किङ कसूर, *गौरीशंकर चौधरी वि. नेपाल सरकार*
- ०७०-RE-०१०६, बैङ्किङ कसूर, *गौरीशंकर चौधरी वि. नेपाल सरकार*

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०७०-RE-०१९४, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*

पश्चिमाञ्चल क्षेत्रीय अदालत, पोखराबाट मिति २०४४।१०।१२ मा भएको फैसला अन्तिम भई सोबमोजिम कार्यान्वयनसमेत भइसकेको अवस्थामा रिट निवेदन पर्दैमा अन्तिम फैसलालाई प्रभावित पार्नसक्ने अवस्था देखिँदैन । कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।१।४ मा भएको बन्डा मुचुल्का, मिति २०६७।१।२८ को तामेली पर्चासमेत बदरको माग दावी लिई यस अदालतमा रिट निवेदन दायर भएकोसम्म देखिन्छ । उक्त रिट निवेदनमा मागबमोजिम अन्तरिम आदेश जारी भई प्रक्रिया रोकिएको अवस्थासमेत देखिएन सबूद प्रमाण बुझी सक्षम अदालतले फैसला गरेको अवस्थासमेत देखिएको छ । उक्त रीट निवेदन अन्यथा भएमा सोहीअनुसार हुने नै हुँदा अन्तिम फैसलाबाट पक्षले जितिपाएको हकको प्रचलन हुन रोकिदिनु वा फैसला कार्यान्वयन रोकिदिनु अ.बं. १२ को नं. को परिधिभित्र पर्दैन । जिल्ला अदालतले लिखत दर्ता बदर गरिदिने फैसलाउपर परेको पुनरावेदनमा पुनरावेदन अदालतलाई समेत विपक्षी बनाई सर्वोच्च अदातमा रिट निवेदन दायर गरियो भन्दैमा रिटको अन्तिम निर्णय नहुँदासम्म पहिले दायर भई शुरूबाट फैसला भई पुनरावेदकीय परीक्षण हुन बाँकी रहेको मुद्दालाई मुलतवी राख्ने आदेश गर्न अ.बं. १२ नं. ले मिल्दैन । तसर्थ, पुनरावेदन अदालत, बुटवलबाट विचाराधीन प्रस्तुत मुद्दा मुलतवी राख्ने गरी मिति २०७० ९।३ मा भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । अब प्रस्तुत मुद्दा मुलतवीबाट

जगाई नियमानुसार गर्नू ।

इति संवत् २०७० वैशाख २८ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-RE-०१८५, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१८६, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१८७, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१८८, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१८९, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९०, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९१, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९२, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९३, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९५, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९६, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९७, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९८, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*
- ०७०-RE-०१९९, लिखत दर्ता बदर, *बनवारी कुर्मी वि. रामदेव कुर्मीसमेत*

**संशोधन**

स.अ.बुलेटिन २०७१ वैशाख -२, पूर्णाङ्क ५२४ को पृष्ठ ४ को दोस्रो column को दोस्रो हरफमा लेनदेन व्यवहारको ३६ नं. हुनुपर्नेमा अ.बं.३६ नं. हुन गएकोले संशोधन गरिएको छ ।

सम्पादक

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति